नेपाल टेलिकम
कर्मचारी प्रतिनिधि सञ्चालक निर्वाचन
निर्वाचन अधिकृतको कार्यालय

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
# निर्वाचन अधिकृतको कार्यालय
# कर्मचारी प्रतिनिधि सञ्चालक निर्वाचन - २०८१

## (अ) मतदान गर्ने तरिकाः

(१) एक जना कर्मचारीलाई एक पटक मात्र मतदान गर्ने अधिकार हुनेछ । मतदाताले लामबद्ध भई आफ्नो पालोमा मतदान गर्नु पर्नेछ ।

(२) कम्पनीको छाप लगाएको र निर्वाचन अधिकृतले हस्ताक्षर गरेको मतपत्र मात्र मतदानको लागि प्रयोग गर्नु पर्नेछ र सहायक निर्वाचन अधिकृत/मतदान अधिकृतले मतपत्रमा अनिवार्य रुपमा हस्ताक्षर गर्नुपर्ने छ ।

(३) मतदातालाई मतपत्र दिनुअघि बुंदा नं. (२) बमोजिम सहि छाप भए/नभएको रूजु गर्नुपर्ने छ ।

(४) मतदाताको नामावली रूजु गरी मतदातालाई दिएको मतपत्रको भरपाई (मतपत्रको अर्धकट्टी) सहायक निर्वाचन अधिकृत/मतदान अधिकृतले सुरक्षित राख्नु पर्नेछ ।

(५) एक पटकमा एक जना मतदातालाई मात्र मतदान गर्ने गोप्य कोठामा प्रवेश गर्न दिईनेछ ।

(६) मतदान समयभित्र मतदान केन्द्रमा प्रवेश गरी लाईनमा बसेका मतदातालाई जतिसुकै समय लागे पनि मतदान गर्न दिईनेछ ।

(७) कुनै व्यक्तिले नाम ढाँटी मतदान गर्न आएमा उम्मेदवार वा निजको वारेसले एक हजार रूपैंया (फिर्ता हुने गरी) धरौटी राखी निर्वाचन अधिकृत/सहायक निर्वाचन अधिकृत समक्ष विरोध गर्न पाउनेछ । तर विरोध झुठा सावित भएमा धरौटी फिर्ता हुने छैन । यस्तो बिरोध परेमा उम्मेदवारको प्रतिनिधिहरुसँग समन्वय गरी निर्वाचन अधिकृत/सहायक निर्वाचन अधिकृतले गरेको निर्णय अन्तिम हुनेछ ।

(८) मतदान केन्द्रमा उम्मेदवार, वारेस, निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी/सुरक्षागार्ड, निर्वाचन अधिकृतबाट अनुमती प्राप्त व्यक्ति र मतदाता बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न दिईने छैन ।

(९) मतदानको लागि तोकिएको समय समाप्त भएपछि मतदान केन्द्रमा मतदातालाई प्रवेश निषेध गरिनेछ ।

(१०) शारीरिक रूपले असमर्थ मतदाताले मतदान कार्यको लागि सहयोग मागेमा निर्वाचन अधिकृत/सहायक निर्वाचन अधिकृतले आवश्यक सहयोग उपलब्ध गराउनेछ ।

(११) मतदान क्षेत्र भित्र मोबाईल, क्यामरा लगायतका भिडियो तथा फोटो खिच्ने उपकरण लैजान र प्रयोग गर्न निषेध हुनेछ । साथै, मतदान गर्न जादा ब्याग, झोला, Laptop, IPAD, लाईटर, सलाई, मसि, कलम, पेन्सिल लगायतका उपकरण तथा सामानहरू लान पाईने छैन ।

(१२) मतदानको समय समाप्त भएपछि सहायक निर्वाचन अधिकृतले उम्मेदवार वा निजको वारेस/प्रतिनिधिको रोहवरमा मतपेटिका बन्द गरेको मुचुल्का गरी सबै मतपेटिकाहरु बन्द गरी तोकिएको मतगणना केन्द्रमा पुर्‍याउनु पर्नेछ ।

(१३) मतदान गर्न आउने कुनै कर्मचारीले कारणवस परिचयपत्र लिई नआएको र निजले परिचयपत्र ल्याई मतदान गर्न समयले नपुग्ने भएमा नेपाल सरकार वा नेपाल टेलिकमबाट जारी भएको निजको परिचय

निर्झर भट्टराई
निर्वाचन अधिकृत

खुल्ने कुनै फोटो सहितको परिचयपत्र लिई उम्मेदवारका प्रतिनिधिहरुको सिफारिसमा निर्वाचन अधिकृत/सहायक निर्वाचन अधिकृतले मतदान गराउन सक्नेछ ।

(१४) मतदाता नामावलीमा नाम समावेश भएको कुनै कर्मचारीको हालको पद र कर्मचारी परिचयपत्रमा उल्लेखित पद नमिलेमा कर्मचारी दर्ता नं. र नाम थर मिलेको भए मतदान गर्न पाउनेछ ।

(१५) मतदाताको नाम, थर र कर्मचारी दर्ता नं. मिलेको तर बीचको नाम फरक परेको खण्डमा पनि मतदान गर्न पाउनेछ ।

(१६) मतदाताको नाम र थर दुबै नमिलेको अवस्थामा मान्यता दिईने छैन । तर मतदाताको नाम र कर्मचारी दर्ता नं. मिलेको तर थर नमिलेको अवस्थामा मान्यता दिईनेछ । विवाहित महिला कर्मचारीको हकमा विबाह अघि वा पछिको थर मध्ये एउटा मिलेमा मान्यता दिईनेछ ।

(१७) मतदाता नामावलीमा नाम समावेश भएको मतदाताको नाम, थर र कर्मचारी दर्ता नं. दुरुस्त रहेको तर पद वा कार्यालय फरक परेको खण्डमा मान्यता दिईनेछ ।

(१८) उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिले मतदान गर्न आउने मतदातालाई मतदान क्षेत्रमा उम्मेदवारको नाम भएको स्लिप/पर्चा दिन पाईने छैन ।

(१९) उम्मेदवारको नाम, फोटो वा मतमत्रको क्रमसंख्या जनाउने खालको संकेत लिई वा देखाई निर्वाचन क्षेत्रभित्र प्रवेश गर्न पाईने छैन ।

(२०) मतदाताले मतपत्रको अर्धकट्टीमा अनिवार्य रूपमा दस्तखत वा ल्याप्चे गरेको हुनु पर्नेछ ।

(२१) मतदाता नामावलीमा नाम समावेश भएको कुनै कर्मचारी निर्वाचनको दिनसम्म कम्पनीबाट जुनसुकै किसिमबाट सेवामुक्त भएमा मतदान गर्न पाउने छैन ।

(२२) मतदान शुरू भएपछि मतदान बन्द हुने समय साँझ ४:०० बजे भन्दा अघि नै सम्बन्धित मतदान केन्द्रको मतदाता नामावलीमा नाम समावेश भएका सम्पूर्ण मतदाताहरुबाट मतदान भएको अवस्थामा वा सम्बन्धित मतदान केन्द्रको मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाता कर्मचारीले कारण सहित आफू तोकिएको मतदान केन्द्रमा तोकिएको अवधिभित्र मतदान गर्न उपस्थित हुन नसक्ने व्यहोरा उल्लेख गरी निर्वाचन अधिकृत वा सम्बन्धित मतदान केन्द्रको सहायक निर्वाचन अधिकृत समक्ष निवेदन दिएमा समेत ४ बजे अगावै अनुसुची १२ दफा ३१ सँग सम्बन्धित बमोजिमको मुचुल्का तयार गरी मतपेटिका बन्द गरी तोकिएको मतगणना केन्द्रमा मतपेटिका पुर्याउन सकिने व्यवस्था गर्ने र सो बमोजिमको जानकारी सबै सहायक निर्वाचन अधिकृतहरुलाई गराउने ।

<u>समाप्त</u>

निर्भर भट्टराई
निर्वाचन अधिकृत